अनुसूची– १६

(दफा ३३ को उप-दफा (२) सँग सम्बन्धित)

# श्री कल्लेरी सामुदायिक वन उपभोक्ता समूह

बबई गाउँपालिका वडा नं. १, गंगटे, दाङ

## काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति २०८२/०१/०३**

श्री कल्लेरी सामुदायिक वन उपभोक्ता समूह, बबई गाउँपालिका वडा नं.-१, गंगटे, दाङको स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसारआ.व. २०८१/०८२ मा उत्पादन भै बबई गा.पा. वडा नं. १, दाङको रातोमाटा खुर्पेमा घाट्गद्दी गरी राखिएको तपशिल वमोजिमको लट तथा परिमाणको गोलिया काठ/दाउरा जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम-विक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक वन पैदावारमा आधारित फर्म वा कम्पनीले यो सूचना प्रभाव राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काईसौं) दिन भित्र खरिद गरी २२ (बाईसौं) दिन सम्म सिलवन्दी वोलपत्र दाखिला गर्न आहान गरिन्छ ।

<u>तपसिल</u>

१. वनपैदावारको विवरण

| वनपैदावारको | | | | | | | न्यूनतम (रु) | | काठ/दाउरा संकलन खर्च (रु) |
|---|---|---|---|---|---|---|---|---|---|
| लट नं. | घाङ नं. | जात | किसिम | ग्रेड | थान | परिमाण (क्यू.फि.) | दररेट | मूल्य | |
| १ | १ र २ | साल | गोलिया | A | २८ | ३९०.८२ | १२५० | ४८८५२५.00 | काठ प्रति क्यु.फि. १३०/- को दरले जम्मा रु. १३६५४९/- मात्र |
| | | | | B | ६० | ६२०.४८ | ९०० | ५५८४३२.00 | |
| | | | | C | ५ | ३९.०७ | ६०० | २३४४२.00 | |
| | | जम्मा | | | ९३ | १०५०.३७ | | १०७०३९९.00 | |
| २ | ३, ४ र ९ | साल | गोलिया | A | ३४ | ५१८.०१ | १२५० | ६४७५१२.५० | काठ प्रति क्यु.फि. १३०/- को दरले जम्मा रु. १४३४८७/- मात्र |
| | | | | B | ४५ | ४२७.८५ | ९०० | ३८५०६५.00 | |
| | | | | C | २३ | ११६.२७ | ६०० | ६९७६२.00 | |
| | | | | D | १३ | ४१.६१ | ३०० | १२४८३.00 | |
| | | जम्मा | | | ११५ | ११०३.७४ | | १११४८२२.५० | |
| ३ | ५, ६, ७ र ८ | साल | गोलिया | A | १ | ७.00 | १२५० | ८७५०.00 | काठ प्रति क्यु.फि. १३०/- का दरले जम्मा रु. १५४५२४/- मात्र |
| | | | | B | ६ | ४१.२५ | ९०० | ३७१२५.00 | |
| | | | | C | १६० | ८९९.८३ | ६०० | ५३९८९८.00 | |
| | | | | D | ७२ | २४०.५६ | ३०० | ७२१६८.00 | |
| | | जम्मा | | | २३९ | ११८८.६४ | | ६५७९४१.00 | |
| ४ | १० र दाउरा | असना | गोलिया | C | ६ | ३१.६० | १०० | ३१६०.00 | काठ प्रति क्यु.फि. १३०/- का दरले जम्मा रु. १२६५३/- र दाउराप्रति चट्टा ११,२००/- का दरले जम्मा रु. १९०४००/- गरि कूल जम्मा रु. २०३०५३/-मात्र |
| | | जामुन | गोलिया | B | २ | १८.२१ | ३०० | ५४६३.00 | |
| | | | | C | ११ | ४७.५२ | १०० | ४७५२.00 | |
| | | जम्मा | | | १९ | ९७.३३ | | १३३७५.00 | |
| | | साल | दाउरा चट्टा | | | १५.00 | १२००० | १८0000.00 | |
| | | अन्य | | | | २.00 | ४००० | ८000.00 | |
| | | जम्मा | | | | १७.00 | | २०१३७५.00 | |

१

१. बोलपत्र खरिद गर्नुपर्ने अन्तिम मिति: २०८२/०१/२४ गते ।

२. बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय

३. (क) अन्तिम मिति:२०८२/०१/२४ (ख) समय १२.०० बजे सम्म ।

४. बोलपत्र साथ कबुल गरेको रकम को १०% ले हुन आउने रकम बोलपत्र खरिद गरेको यस सामुदायिक वन उपभोक्ता समूहको राष्ट्रिय वाणिज्य बैंक, तुलसीपुर शाखामा रहेको खाता नं. ४१६०१००००३८४२००१ मा नगद जम्मा गरेको सक्कल भौचर वा ६ महिना अवधि रहेको बैंक ग्यारेण्टी समावेश हुनुपर्नेछ ।

५. बोलपत्र फारम लट नं. १ र २ को प्रति लट रु. २०००/- र लट नं. ३ र ४ को प्रति लट रु. १०००/- का दरले पछि फिर्ता नहुने गरी तिरी यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालय र डिभिजन वन कार्यालय दाङ (दाङ), घोराहीबाट खरिद गरि प्रत्येक लटको बोलपत्र फाराम भरी छुट्टाछुट्टै खामबन्दी गरी यस वन उपभोक्ता समूहको कार्यालयमा दाखिला गर्न सकिनेछ ।

६. लिलाम बढाबढ हुने वनपैदावार कार्यालय खुलेको समय भित्र यस कल्लेरी सामुदायिक वन उपभोक्ता समूहको बबई गा.पा.-१, गंगटे, दाङमा रहेको घाट्गद्दी स्थलमा गई हेर्न सकिनेछ ।

७. लिलाममा भाग लिन ईच्छुक कम्पनी वा फर्मका प्रोप्राइटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, कर दर्ता प्रमाणपत्रको प्रतिलिपि र मूल्य अभिबृद्दी कर दर्ता प्रमाणपत्रको प्रतिलिपि वा स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपि, डि.व.का. मा फर्म सुचिकृत भएको प्रमाणपत्रको प्रतिलिपि लगाएका आवश्यक कागजातहरु बोलपत्र फाराम साथ पेश गर्नुपर्नेछ ।

८. निर्धारीत न्यूनतम संख्याका र रीतपूर्वक पर्न आएका बोलपत्रहरु मिति २०८२/०१/२४ गते यस समूहको कार्यालयमा दिनको १.०० बजे साक्षीहरुको रोहवरमा खोलिनेछ ।

९. लिलाम स्विकृत भएको जानकारी प्राप्त भएको १० (दश) दिन भित्र साकार गरेको रकम तथा निर्धारित मूल्य अभिबृद्दी कर,सङ्कलन खर्च लगायतका सम्पूर्ण रकम छुट्टै बुझाइ लिलाममा चढाएको वनपैदावार तोकिएको अवधिभित्र उठाइ लैजानु पर्नेछ ।

१०. बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षरमा दुबैमा लेख्नुपर्नेछ । अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइनेछ ।

११. बोलपत्र फाराममा सामुदायिक वन उपभोक्ता समूहको प्रष्ट छाप लागेको र समूहको अध्यक्षको दस्तखत भएको हुनु पर्नेछ । प्रतिलिपि, समूहको छाप नलागेको र समुहको अधक्ष्यको दस्तखत नभएको मान्य हुने छैन ।

१२. बोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समूहमा निहित रहनेछ ।

१३. अन्य विस्तृत कुरा बुझ्नु परेमा यस समुहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।